# अर्जुनधारा नगरपालिका

## शनिश्चरे, झापा

# पशुपन्छी तथा मत्स्य विकास कार्यक्रम सञ्चालन कार्यविधि २०८१

**पशुपन्छी तथा मत्स्य विकास कार्यक्रम सञ्चालन कार्यविधि २०८१**

**प्रस्तावना :**अर्जुनधारा नगरपालिकाकृषि तथा पशुपालन क्षेत्रमा आधारित नगर भएकोले पशुपंक्षी तथा मत्स्यको उत्पादन, प्रशोधन, विविधिकरण र व्यवस्थित बजारीकरणको व्यवस्थापन गरी कृषकहरुले उत्पादन गरेकोवस्तुको समुचित मूल्य उपलब्ध गराउन,बजारको सुनिश्चित व्यवस्थापन गर्न,उत्पादक र उपभोक्ता बीच भएको अत्यधिक फराकिलो बजार मूल्यको अन्तर न्यून गर्न विचौलियाको अन्त्य गरी लगानीको समेत राम्रो वातावरण सृजना गरी आम कृषकहरुको आर्थिक सुधार र रोजगारीको सृजना गरी नगरलाई समुन्नत बनाउन स्थानीयसरकार सञ्चालन ऐन २०७४ को परिच्छेद ३ को दफा (११) को उपदफा (२) को (ङ), (च), (छ), (ञ), (ट), (ड),(ण),(द) र नगरपालिकाको कृषि ऐन-२०८१ को दफा ६४ बमोजिम यो **'पशुपंक्षी तथा मत्स्य विकास कार्यक्रम सञ्चालन कार्यविधि-२०८१'** जारी गरिएको छ ।

## परिच्छेद - १

## प्रारम्भिक

### १. संक्षिप्त नाम र प्रारम्भ

(क) यो कार्यविधिको नाम **'पशुपंक्षी तथा मत्स्य विकास कार्यक्रम सञ्चालन कार्यविधि-२०८१'** रहेको छ ।

(ख) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

### २. परिभाषा

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :-

(क) "कार्यविधि" भन्नाले अर्जुनधारा नगरपालिकामा संचालित कृषि,पशुपन्छी तथा मत्स्य विकास सम्बन्धि कार्यक्रमहरुलाई सम्झनु पर्दछ । यस कार्यविधिले आ.व.२०८१/८२ देखि सञ्चालन हुदै आएको सम्पूर्ण कार्यक्रमलाई समेत बुझाउँदछ ।

(ख) "मन्त्रालय" भन्नाले कृषि तथा पशुपन्छी विकास मन्त्रालय भन्ने सम्झनुपर्दछ ।

(ग) "प्रदेश मन्त्रालय" भन्नालेउद्योग,कृषि तथा सहकारी मन्त्रालय भन्ने सम्झनुपर्दछ ।

(घ) "विज्ञ केन्द्र" भन्नाले भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र भन्ने सम्झ्नुपर्दछ ।

(ङ) "नगरपालिका" भन्नाले अर्जुनधारा नगरपालिका भन्ने सम्झ्नुपर्दछ ।

(च) "आर्थिक विकास समिति" भन्नाले अर्जुनधारा नगरपालिकाको विषयगत समिति भन्ने सम्झनु पर्दछ ।

(छ) "शाखा" भन्नाले अर्जुनधारा नगरपालिकाको पशुपंक्षी तथा मत्स्य विकास शाखा भन्ने सम्झनु पर्दछ ।

(ज) “कार्यक्रम” भन्नाले पशुपंक्षी तथा मत्स्य विकास सम्बन्धी कार्यक्रम सम्झनु पर्दछ ।

(झ) “साझेदार” भन्नाले लागत सहभागितामा कार्यक्रमसँग द्विपक्षीय सम्झौता भएका कृषक, समूह, समिति, सहकारी, निजि फार्म,व्यवसायी, संघसंस्था भन्ने सम्झनु पर्दछ ।

(ञ)“साझेदारी” भन्नाले कार्यक्रम सञ्चालन गर्नका लागि सम्बन्धित कार्यालय र साझेदार बीच द्विपक्षीयसम्झौताको आधारमा हुने लागत सहभागितालाई सम्झनु पर्दछ ।

(ट) “समूह” भन्नाले समान उद्देश्य, समान प्रकृतिको उत्पादन गर्ने कृषकहरुको कम्तिमा पनि १० भन्दा बढि सदस्य संख्या भएको समूहलाई भन्ने सम्झ्नु पर्दछ ।

(ठ) “मूल समिति” भन्नाले कम्तिमा ५ वटा कृषक समूहबाट २/२ जना सदस्यहरुको प्रतिनिधि र पशुपंक्षी तथा मत्स्य विकास शाखाको एक जना प्राविधिकको सहभागितामा कार्यक्रम सञ्चालन गर्नका लागि बनेको समिति भन्ने सम्झनु पर्दछ ।

(ड) “हितकोष” भन्नाले कृषकहरुबाट संकलित वचत तथा अन्य संघसंस्थाबाट प्राप्त अनुदान तथा अन्य स्रोतबाट प्राप्त रकम सम्झनुपर्दछ ।

(ढ) “पकेट क्षेत्र” भन्नाले भौगोलिक तथा वातावरणीय हिसाबले गाई, भैंसी, बाखा, बंगुर, कुखुरा पालन, माछा पालन गर्नका लागि उपयुक्त रहेको र तुलनात्मक रुपमा, संख्यात्मक उपस्थिति, पालन कार्य बढी हुने भनि पहिचान भएका वा भविष्यमा त्यस्ता पशुपालन हुने क्षेत्रको रुपमा विकास गरिने स्थान विशेषलाई सम्झनुपर्दछ ।

**३. उद्देश्यहरु**

यस कार्यक्रमको उद्देश्यहरु देहाय बमोजिम रहेको छ :-

(क) छारिएर रहेको कृषकहरुलाई संगठित गरी उनीहरुले उत्पादन गरेका पशुपंक्षी तथा माछाजन्य पदार्थहरुको समूचित व्यवस्थापन गरी प्रशोधन र बजारको सुनिश्चितता गर्ने ।

(ख) उत्पादक र उपभोक्ता वीचको ठूलो मूल्य अन्तरको विचौलियाको न्यूनिकरण गर्ने ।

(ग) पशुपंक्षी तथा मत्स्य व्यवसायलाई औद्योगिकिकरण गरी, आत्मनिर्भर हुने र निर्यातगरी कृषकहरुको आर्थिक समृद्धिमा टेवा पुऱ्याउने ।

**४. रणनीति** दफा ३ बमोजिमको उद्देश्य प्राप्तीका लागि देहायका रणनीतिहरु अख्तियार गरिनेछ :-

(क) समुदाय परिचालन र सामाजिक अभिमुखिकरणका माध्यमबाट गाई, भैंसी,बाखा, बंगुर, कुखुरा, माछापालक कृषकहरुलाई व्यवसायिक रुपान्तर तर्फ अभिप्रेरित गरिनेछ ।

(ख) कृषक समूह, समिति, सहकारी, व्यवसायिक संघसंस्था मार्फत एक क्षेत्र एक उत्पादनको अवधारणा अनुरुप पकेटको विकास र विस्तारगर्दै लगिनेछ ।

(ग) पकेट क्षेत्रमा व्यवस्थित र सुधारिएको खोर, गोठ, नश्ल सुधार, आहारा,पशु स्वास्थ्य, पकेटको रुपमा विकास गरिनेछ ।

(घ) कार्यक्रमको दिगोपनाको लागि साझेदार समूह, सहकारी, संघ संस्थाहरुलाई सहज बनाउन आवश्यक समन्वय र सहजिकरण गरिनेछ ।

(ङ) असल पशुपालन अभ्यासलाई अवलम्बन गरिनेछ ।

(च) भौतिक संरचना निर्माण,सुधार,मेशिनरी औजार उपकरण खरिद,पशु आहार विकास,क्षमता अभिवृद्धि, बजार व्यवस्थापन,पशु स्वास्थ्य शिविर,डेरीउद्योग,डेरी स्टल,मासु पसल निर्माण तथा सुधार कार्यक्रमजस्ता क्रियाकलाप सञ्चालन गर्न अनुदानको व्यवस्था गर्ने ।

(छ) उत्पादन लागत कम गरी प्रतिष्पर्धी क्षमता विकास गर्न उन्नत घाँस खेती र घाँस संरक्षण कार्यक्रम अवलम्बन गर्न प्रोत्साहन गरिनेछ ।

(ज) गोबर ग्याँस प्रवर्धन, वातावरण संरक्षण र वैकल्पिक उर्जा विकासमा सहयोग पुर्‍याउने

(झ) पकेट क्षेत्रलाई गाई, भैँसी, बाखा, बंगुर, कुखुरा,माछाको स्रोत विकास केन्द्रको रुपमा विकास गर्ने ।

(ञ) कृषि तथा पशुपन्छी बजार व्यवस्थापनलाई सुधार गरी भरपर्दो बनाउने ।

(ट) अनुगमन र पृष्ठपोषणलाई प्रभावकारी रुपमा सञ्चालन गर्ने ।

(ठ) खाली निजी जग्गा तथा सामुदायिक वनमा भएको खुल्ला ठाउँमा घाँसखेतीको प्रवर्द्धन गर्ने ।

(ड) माछा,मासु दुग्धजन्य पदार्थको विविधिकरण गरी होटल, पार्क,स्कूल, कलेज, हस्पिटल, पर्यटनक्षेत्र लगायत मन्दिर र अन्यक्षेत्रमा लस्सी, पुष्टकारी, ललिपप, दही, घ्यू, कुल्फी,माछा, मासुको प्राङ्गरिक (अर्ग्यानिक)परिकारहरुको प्रवर्द्धन गरी बिक्री केन्द्रहरुको स्थापना र सञ्चालन गर्ने ।

(ढ) सिँचाइको राम्रो व्यावस्थापन गर्ने ।

(ण) व्यापारिक केन्द्रसँग जोडी खसी-बाखा संकलन केन्द्रको व्यवस्था गर्ने ।

(त) पशुपंक्षी जन्यपदार्थको बिक्री केन्द्रको स्थापना गरी बजारीकण गर्ने ।

(थ) पशुपन्छीहरुको नश्ल सुधार गरी दुध,अण्डा,माछा, मासुको उत्पादकतत्व वृद्धि गर्ने ।

(द) उन्नत घाँस,अन्न बाली र नगदे बालीहरुको विजबृद्धि कार्यक्रमहरु सञ्चालन गरी बीउ उत्पादन गरी आत्मर्निभर बनाइ आयातलाई प्रतिस्थापन गर्ने र निर्यात गर्ने ।

(ध) भेटेरिनरी अस्पताल निर्माण गरी प्रयोगशाला,अपरेशन थियटर,एक्स-रे,पोष्टमार्टम,ओ.पि.डि.र उपचार वार्डको व्यवस्थापन गरी पशु स्वास्थ्य उपचार कार्यलाई गुणस्तरीय र प्रभावकारी बनाउने ।

(न) बिउ पूँजी कोषको स्थापना गरी उत्पादनमूलक व्यावसायि कृषकहरुलाई न्यूनतम सेवा शुल्क बापत ३% (तीन प्रतिशत) मा लागानी गरी कृषकहरुको आर्थिक सुधार र रोजगारीको सृजना गर्ने ।

# परिच्छेद २

# कार्यक्रमहरु

## ५. पकेट कार्यक्रम

आवश्यकताको आधारमा विभिन्न पकेट कार्यक्रमहरु सञ्चालन गर्न सकिन्नेछ :-

(क) गाई,भैसीं पकेट कार्यक्रम

(ख) बाख्रा पकेट कार्यक्रम

(ग) बंगुर पकेट कार्यक्रम

(घ) माछा पकेट कार्यक्रम

(ङ) कुखुरा पकेट कार्यक्रम

(च) डेरी पकेट कार्यक्रम

(छ) घाँसको बीउ तथा विरुवा उत्पादन गर्ने पकेट कार्यक्रम

(ज) अन्य आवश्यकता अनुसारपकेट कार्यक्रमहरु आर्थिक विकास समितिको निर्णय अनुसार विस्तार गर्न सकिनेछ ।

## ६. पकेटक्षेत्रका आधारहरु

सम्बन्धित कार्यालयले पकेट प्याकेज कार्यक्रम सञ्चालनका लागि पकेट क्षेत्रको छनौट र प्राथमिकीकरण गर्दा देहायको बुँदाहरुमा ध्यान दिनुपर्नेछ :-

(क) भौगोलिक तथा वातावरणीय हिसाबले सम्भावना भएको हुनुपर्नेछ ।

(ख) तुलनात्मक हिसाबले पशुपंछिको संख्या बढि भएको हुनुपर्नेछ ।

(ग) कृषकहरुको माग र आवश्यकता पहिचान भए बमोजिम हुनुपर्नेछ ।

(घ) प्राविधिक दृष्टिकोणले उपयुक्त हुने क्षेत्र हुनुपर्नेछ ।

(ङ) घाँस खेतीको सम्भावना भएको हुनुपर्नेछ ।

(च) बजारको सुनिश्चितता भएको क्षेत्र हुनुपर्नेछ ।

(छ) व्यवसायिक पशुपालनको विस्तारको सम्भावना रहेको हुनुपर्नेछ ।

(ज) पूर्वाधारको विकास भएको हुनुपर्नेछ ।

## ७. क्रियाकलापहरु

विनियोजित कार्यक्रम तथा बजेटबाट देहायको क्रियाकलाप गर्न सकिनेछ :-

(१) गोठ, खोर निर्माण, सुधार र जैविक सुरक्षा कार्यक्रम गर्ने ।

(२) गोबरग्यास निर्माण तथा मर्मत गर्ने ।

(३) हिट सिन्क्रोनाइजेशन गर्ने ।

(४) नश्ल सुधार गर्नको लागि कृत्रिम गर्भाधानको व्यवस्था गर्ने ।

(५) चिलिङ भ्याट खरिद गर्ने ।

(६) मिल्क पम्प खरिद गर्ने ।

(७) खोपतथा प्रयोगशाला सेवा सञ्चालन गर्ने ।

(८) घाँसको बीउतथा बिरुवाखरिद तथा वितरण गर्ने ।

(९) मिल्क क्यान खरिदगर्ने ।

(१०) बाह्य तथा भित्री परिजीवि नियन्त्रण कार्यक्रम सञ्चालन गर्ने ।

(११) थुनेलो रोग नियन्त्रण कार्यक्रम गर्ने ।

(१२) टिट डिपिङ्ग कार्यक्रम गर्ने ।

(१३) जेनेरेटर खरिद गर्ने ।

(१४) सेक्स सिमेन खरिद गर्ने ।

(१५) राँगा, साँढे, बोका,बिर तथा घाँसको बीउ वितरण कार्यक्रम गर्ने ।

(१६) डिप फ्रिज खरिद गर्ने ।

(१७) चिलिङ्ग भ्याट स्थापनाको लागि आवश्यक भवन निर्माण गर्ने ।

(१८) खसी,बाखा,बोका,संकलन केन्द्र निर्माण गर्ने ।

(१९) कार्यक्रम सम्बन्धी तालिम तथा अभिमुखिकरण गोष्ठी गर्ने ।

(२०) सम्बन्धितविषय सम्बन्धी ज्ञान, सीप र प्रविधि हस्तान्तरणको लागि तालिमको आयोजना गर्ने ।

(२१) अध्ययन तथा अवलोकन कृषक भ्रमण गर्ने ।

(२२) डेरी,स्टल, डेरी उद्योग, मासु पसल, पशुपंछी बधस्टल निर्माण गर्ने ।

(२३) प्रगति प्रतिवेदन, अभिलेखिकरण, तथ्याङ्क अद्यावधिकका लागि परियोजना कार्यक्रम गर्ने ।

(२४) सुत्केरी भत्ता तथा कृत्रिम गर्भाधानमा सहुलियत अनुदान कार्यक्रम गर्ने ।

(२५) सिँचाईकोप्रवर्द्धन गर्ने।

(२६) विषय विज्ञहरु बोलाई कार्यक्रम सञ्चालन गर्ने ।

(२७) पशुपन्छी तथा मत्स्य बीमा कार्यक्रम सञ्चालन गर्ने ।

(२८) कोल्ड स्टोर निर्माणगर्ने ।

(२९) भेटेरिनरी अस्पताल निर्माण र सेवा विस्तार तथा सञ्चालन गर्ने ।

(३०) महामारी रोग नियन्त्रणको लागि खोप सञ्चालन गर्ने ।

(३१) विशेष आयोजनाहरु सञ्चालन कार्यक्रम गर्ने ।

(३२) दाना,मलको बिक्री वितरण तथा उद्योग सञ्चालन गर्ने ।

(३३) बजारिकरण सम्बन्धि सम्पूर्ण कार्यहरुगर्ने ।

(३४) विज्ञापन तथा प्रचार-प्रसारगर्ने ।

(३५) विभिन्न रोगहरुको सर्भिलेन्सगर्ने ।

(३६) बिउपूँजी कोष स्थापना र सञ्चालन गर्ने ।

(३७) भूमि बैंक सञ्चालन गर्ने ।

(३८) गाई,भैंसी,बाखा, बंगुर,कुखुरा, माछाको स्रोत विकास सञ्चालन गर्ने ।

(३९) कृषि पर्यटन तथा धार्मिक सांस्कृतिक कार्यक्रमहरु गर्ने ।

(४०) मेला प्रर्दशनि तथा उत्कृष्ट कृषक समूह,सहकारी,व्यवसायी पुरस्कार कार्यक्रमसञ्चालन गर्ने ।

(४१) बाँझोपन निवारण कार्यक्रम गर्ने ।

(४२) पशु स्वास्थ्य घुम्ति शिविर सञ्चालनगर्ने ।

(४३) कर्मचारीहरुको क्षमता विकास कार्यक्रमगर्ने ।

(४४) भेटेरिनरी एम्बुलेन्स सेवा सञ्चालन गर्ने ।

### ८. आर्थिक विकास समितिकोजिम्मेवारी तथा दायित्व

(क) नीति तथा कार्यक्रम बनाउन सहयोग र सहजिकरण गर्ने ।

(ख) कार्यक्रम कार्यान्वयनको सिलसिलामा पकेट क्षेत्र छनौट, अनुमोदन,समूह गठन, अभिमुखिकरण, कार्ययोजना तयारी, सहजीकरण, कार्ययोजना अनुमोदनर स्वीकृति, गर्ने

(ग) शाखालाई आवश्यक सल्लाह,सुझाव तथा निर्देशन दिने ।

(घ) स्वीकृत कार्यक्रमहरुलाई कार्यान्वन गर्न निर्णय तथा सहजिकरण गरिदिने ।

(ङ) सम्झौता मुताबिकको कार्य निर्धारित समयसीमा भित्र उच्च गुणस्तरकायम राखी सम्पन्न गर्न सम्बन्धित शाखा,समूह, सहकारी, संघ-संस्थाकोहुनेछ ।

(च) कार्यक्रम कार्यान्वयनमा आवश्यक पर्ने विशेषज्ञता सम्बन्धित कार्यालय वा अन्य विषय र क्षेत्रबाट समेत प्राप्त वा खरिद गर्न सहयोग गर्ने ।

**९. स्थानीय कुखुरा पालन विकास कार्यक्रम**

अर्जुनधारा नगरपालिकालाई मासु उत्पादनमा आत्मनिर्भर बनाई स्थानिय नागरिकहरुलाई व्यवसायि तथा स्वरोजगार बनाउन स्थानीय कुखुरापालन विकास कार्यक्रमसञ्चालन गरिएको छ ।

(क) स्थानीय कुखुरापालन विकास कार्यक्रम गर्नको लागि समुह गठन गर्ने ।

(ख) प्रत्येक वडाको ५ वटै टोलमा १०/१० जना कृषक छनौट गरी एउटा समुह गठन गर्ने

(ग) प्रत्येक टोलको समूहबाट २/२ जना प्रतिनिधि छनौट गरी वडा स्तरिय समिति गठन गर्ने ।

(घ) प्रत्येक वडा समितिको अध्यक्ष वा प्रतिनिधि १/१ जना छनौट गरी नगर स्तरीय समिति गठन गर्ने ।

(ङ) प्रत्येक समुह/समितिको कार्यविधि बनाई समुह दर्ता गर्ने ।

(च) समुह/समितिले बैङ्क खाता खोली वचत तथा ऋण प्रवाह गर्न लगाउने ।

(छ) कुखुरा पालक कृषकहरुलाई तालिम दिने ।

(ज) खोर निर्माणको लागि लागत साझेदारीमा वढिमा ८० प्रतिशत अनुदान उपलब्ध गराउने ।

(झ) कुखुरापालन सम्बन्धी ज्ञान,सीप र प्रविधि हस्तान्तरणको लागि तालिम,गोष्ठी, अवलोकन, भ्रमण गर्ने ।

(ञ) दाना/पानी खाने भाडो वितरण गर्ने ।

(ट) महामारी रोगको भ्याक्सिनेशन गर्ने ।

(ठ) जुकाको औषधी वितरण गर्ने ।

(ड) कुखुराको भिटामिन उपलब्ध गराउने ।

(ढ) दानामा बढिमा ५० प्रतिशतसम्म अनुदान दिने ।

(ण) चल्ला खरिद वा चल्ला हुर्काउन बढिमा ७५ प्रतिशतसम्म अनुदान दिने ।

(त) साझेदारीमा सहकारी,समूह र निजि व्यावसायि फर्मसँग चल्ला उत्पादनको लागि 'नमुना ह्याचरी' स्थापना गर्ने । ह्याचरीस्थापनाको लागि निम्न कार्य गर्न सकिनेछ :-

(१) ह्याचरी मेशिन खरिद ।

(२) जेनेरेटर खरिद ।

(३) माउ पोथी र भाले खरिद ।

(४) प्याटेन्ट स्टकको लागि खोर निर्माण ।

(५) ह्याचरीको लागि भवन निर्माण ।

(६) कुखुराको रोग सम्बन्धी सर्भिलेन्स प्रत्येक हप्ता नियमित गर्नुपर्नेछ । उक्त सर्भिलेन्स गरे बापत आतेजाते खर्च रु.२०००/- (अक्षरेपी : दुइहजारउपलब्ध गराउने ।

(७) ह्याचरी स्थापनाको लागि बढिमा ८० प्रतिशतसम्म अनुदान उपलब्ध गराउन सकिनेछ ।

## १०. पशुपंक्षी बीमा कार्यक्रम

पशुपंक्षी, मत्स्यपालक कृषकहरुले पालन गर्दै आएका पशुपंक्षी र मत्स्य धनको आर्थिक क्षतिको जोखिमलाई सुरक्षा गर्न यो कार्यक्रम सञ्चालन गरिनेछ । यो कार्यक्रम निम्न बमोजिम सञ्चालन हुनेछ :-

(क) हाल पशुपंक्षी बीमा कार्ययोजना अनुसार बीमीत कृषकले तिर्नुपर्ने जम्मा प्रिमियमको २० प्रतिशत मात्र तिर्नुपर्ने प्रावधान छ । उक्त कृषकले तिर्नुपर्ने २०% (बीस प्रतिशत) को आधा रकम १० प्रतिशत रकम पशुपंक्षी, मत्स्य विकास शाखा/नगरपालिकाले व्यहोर्नेछ ।

(ख) बीमाको रकम सोझै कृषक वा पशुपंक्षी तथा मत्स्य विकास शाखासँग सम्झौता भएको बीमा कम्पनीलाई भुक्तानी दिन सक्नेछ ।

(ग) यो सेवा प्राप्त गर्न कृषकहरुले निम्न बमोजिमको प्रमाण पेश गर्नुपर्नेछ :-

- बीमा ऐन बमोजिम दर्ता भएको बीमा कम्पनीबाट पशु, पंक्षी, मत्स्य बीमा भएको प्रमाण पत्रको प्रतिलिपि
- बीमा कम्पनीमा कृषकले तिरेको रसिदको प्रतिलिपि
- बीमीत पशु पंक्षीको ट्याग नम्बर
- स्वास्थ्य परीक्षणको प्रमाणहरु
- फिल्ड अनुगमनको प्राविधिक प्रतिवेदन
- नेपाली नगरिकताको प्रतिलिपि

(घ) बीमाको भुक्तानी प्रक्रिया

(१)दफा १० को उपदफा (ग) बमोजिमको प्रक्रिया पुरा भएपछि कृषकलाई पशुपंक्षी तथा मत्स्य विकास शाखाले भरपाई गरी सोझै कृषकलाई भुक्तानी दिने वा सम्झौता गरेको बीमा कम्पनीलाई भुक्तानी दिन सक्नेछ ।

(२) एक आर्थिक वर्ष समाप्त भए पश्चात् अर्को आर्थिक वर्षमा भुक्तानी हुने छैन्। तर, नगरपालिकाले यस कार्यक्रमलाई निरन्तरता दिने भएमा भुक्तानि दिन सकिनेछ ।

## ११. रेबिज रोगको नियन्त्रण

रेबिज रोग प्राणघातक रोग भएकोले पशुपंक्षीलाई मात्र नभई मानव जन स्वास्थ्यलाई समेत संक्रमित बनाई पशुधन र मानवजनलाई समेत क्षति पुऱ्याउने रेबिज रोगको नियन्त्रण र न्युनिकरण गर्नका लागि वाञ्छनिय भएकोले यो कार्यक्रम सञ्चालन गरिनेछ ।

**(क) सञ्चालन विधि :-**

(१) घरपालुवा कुकुर र सामुदायिक कुकुरहरुलाई नियमित रेबिज विरुद्धको खोप लगाउने ।

(२) सम्पूर्ण कुकुरहरुलाई (घरपालुवा र सामुदायिक) बन्ध्याकरण गर्ने ।

(३) कुकुर पालक घरधनीले वडा कार्यालय र पशुपंक्षी विकास शाखामा अनिवार्य दर्ता गरी पाल्नुपर्नेछ ।

(४) कुकुर धनीले अनिवार्य रुपमा बाँधेर कुकुर पाल्नुपर्नेछ ।

(५) कुकुरले टोके वा क्षति पुऱ्याए सम्पुर्ण खर्च कुकुर पालक धनीले व्यहोर्नु पर्नेछ ।

(६) नगरपालिका भित्र कसैले पनि कुकुरलाई प्रजनन गराई व्यवसाय गर्न पाइने छैन् । यदि व्यवसायिक रुपमा कुकुरपालन गर्नु परेमा पशुपंक्षी तथा मत्स्य विकास शाखाबाट अनुमति लिई तपशिल बमोजिमकोविधि र प्रक्रिया पालना गर्नुपर्नेछ :-

- कुकुरको व्यावसायिक प्रजनन गराउने व्यक्तिहरुले अर्जुनधारा नगरपालिकाको आर्थिक ऐन बमोजिम वार्षिक रु.३०,०००/-(तीस हजार) राजस्व नगरपालिकामा बुझाउनुपर्नेछ ।
- कुकुर व्यावसायिले प्रत्येक वर्ष नविकरण गराउनुपर्नेछ ।
- जैविक सुरक्षा अपनाउनुपर्नेछ ।
- आफ्नो व्यवसायबाट अरुलाई असर नगर्ने हुनुपर्नेछ ।

(७) रेबिज भ्याक्सिन र कुकुर बन्ध्याकरणमा खटिएको शिविर सञ्चालनको क्रममा कर्मचारीहरुलाई जोखिम बापत प्रतिदिन रु.१०००/- (एक हजार) र बन्ध्याकरण (अपरेशन) गरे बापत डाक्टरलाई प्रति कुकुर रु. ५००/- (अक्षेरेपी : पाँच सय),कुकुर समाउने र अपरेशन कार्यलाई सहयोग पुऱ्याउने बाहिरी प्राविधिकहरुलाई प्रतिदिन रु.३,०००/-(अक्षेरेपी : तीन हजार) पारिश्रमिक पाउनेछ

(८) कुकुर वन्ध्याकरण गर्न आफनो जनशक्ति र विज्ञहरु नभएमा वा कम जनशक्ति भएमा अन्य संघ-संस्था र व्यक्तिहरुलाई करार सम्झौता गरी कुकुर बन्ध्याकरण कार्यक्रमगर्न सकिनेछ ।

(९) अन्य संघ-संस्था र व्यक्तिहरुलाई करारमा लिदा सम्झौता बमोजिम भुक्तानी दिने

(१०) रेबिज रोग नियन्त्रणको लागि अवश्यक औजार,उपकरण तथा औषधीहरु खरिद गर्ने ।

(११) सामुदायिक र घरपालुवा कुकुरको पहिचानको लागि अलग-अलग पहिचान चिन्ह प्रयोग गर्ने ।

(१२) कार्यालय बाहेकको समयमा काम गर्नुपर्ने भएमा सो कार्यमा खटिने कर्मचारीहरुले खाना,खाजा र इन्धन बापत एकमुष्ट रकम रु.७००/-(अक्षेरेपी : सात सय) पाउनेछ ।

(१३) कार्यालयमा ल्याएर खोप लगाउने कुकुर धनिले भ्याक्सिनको मूल्य तिरेमा दैनिक भ्याक्सिन उपलब्ध गराई सेवा प्रदान गर्न सकिनेछ र भ्याक्सिन लगाएको बिल रसिद शाखाले उपलब्ध गराई रेकर्ड राख्नु पर्नेछ ।

## १२.पशुपंक्षी तथा मत्स्य फार्म व्यावसायको मापदण्ड

पशुपंक्षी तथा मत्स्य व्यवसायलाई व्यवस्थित गरी सहज र सरल बनाउन अनुकूल वातावरण सृजना गरी व्यवसाय प्रवर्द्धन गर्न यो मापदण्ड जारी गरिएको छ :-

(क) कुनै फार्म व्यवसाय सञ्चालन गर्दा मुख्य सडकबाट १ कि.मि. टाढा हुनुपर्नेछ ।

(ख) सहायक सडकबाट ५०० मिटर टाढा हुनुपर्नेछ ।

(ग) घनाबस्तीमा फर्म सञ्चालन गर्न पाइने छैन् । कम्तिमा १० घरभन्दा बढी बस्ती भएको ठाउँ छ भने फर्म सञ्चालकले छिमेकीहरुको सहमति भएको मञ्जुरीनामा मुचुल्का पेश गर्नुपर्नेछ ।

(घ) माछापालनको लागि भूक्षय हुने तथा बाढी जाने खोला पैनीको छेउमा पोखरी निर्माण गर्न पाइने छैन् ।

(ङ) फार्मको वर्गीकरण

**(१)साना व्यवसायिक फार्म**

**क. गाई/भैंसी :** कम्तिमा ५/१० माउ हुनुपर्नेछ । मासु प्रयोजनको लागि १०-२० पाडा,पाडी हुनुपर्नेछ ।

**ख. बंगुर पालन :** ५ माऊ देखि १० माऊ हुनुपर्नेछ । मासुजन्य प्रयोगको लागि १०-२० वटासम्म बंगुर हुनुपर्नेछ ।

**ग. बाखा पालन :** १० माउ देखि २० माउ हुनु पर्नेछ। मासु प्रयोजनको लागि २० देखि ३० वटा सम्म खसी वोका हुनुपर्नेछ।

**घ. कुखुरा पालन :**

- बोइलर कुखुरा २०० देखि ५०० वटासम्म
- लोकल १०० देखि ५०० वटासम्म
- लेयर्स ५०० देखि २००० वटासम्म
- टर्की १०० देखि २०० वटासम्म
- हाँस १०० देखि २०० वटासम्म
- बटाई १०० देखि २०० वटासम्म
- अष्ट्रिच ३० देखि ५० वटासम्म

**ङ. माछापालन :** ३ कट्ठा देखि ५ कट्ठासम्म क्षेत्रफल भएको पोखरी।

(२) **मझौला व्यवसायिक फार्म**

**क. गाई, भैंसी** : १० देखि ३० माऊ र मासु प्रयोजनको लागि २० देखि ५० वटा

**ख. बंगुरपालन :** १०देखि २५ माउसम्म, मासु प्रयोजनको २०-५० वटा

**ग. बाखापालन** : २० देखि ३० माउसम्म र मासु प्रयोजनको लागि २० देखि ५० वटासम्म खसी, बोका।

**घ. कुखुरापालन**

- स्थानीय (लोकल) कुखुरा ५०० देखि १००० वटासम्म
- बोइलर कुखुरा ५०० देखि ३००० वटासम्म
- लेयर्स २००० देखि ५००० वटासम्म
- टर्की २०० देखि ४०० वटासम्म
- हाँस २०० देखि ४०० वटासम्म
- बटाई २०० देखि ४०० वटासम्म
- अष्ट्रिच ५० देखि १०० वटासम्म
- माछा ५ देखि १० कट्ठा क्षेत्रफलमा

**(ग) ठुलो व्यवसायिक फार्म**

**क. गाई/भैंसी**: ३० माऊ भन्दा माथि र मासु प्रयोजनको लागि ५० भन्दा माथि ।

**ख. बंगुर :** २५ माउ भन्दा माथि र मासु प्रयोजनको लागि ५० भन्दा माथि ।

**ग. बाखापालन :** ३० माउ भन्दा माथि र मासु प्रयोजनको लागि ५० भन्दा माथि ।

**घ. कुखुरा पालन :**

- स्थानीय (लोकल) जात ५०० भन्दा माथि
- बोइलर ३००० भन्दा माथि
- लेयर्स ५००० भन्दा माथि
- टर्की ५०० भन्दा माथि
- हाँस ५०० भन्दा माथि
- अष्ट्रिच १०० भन्दा माथि

**ङ. माछा पालन :** १० कट्ठा भन्दा माथि क्षेत्रफल भएको ।

१ व्यवसायि फार्महरुलाई गोठ, खोर, पोखरी निर्माण, अन्य औजार, उपकरण लगायत व्यवसायिहरुलाई आवश्यक पर्ने सामाग्रीहरुको लागि ५० देखि ७५ प्रतिशत अनुदान दिन सकिनेछ ।

२.फार्मको सूचीकृत दर्ता गर्न निम्न प्रक्रिया पुरा गर्नुपर्ने :-

- कृषकले पशुपंक्षी विकास शाखामा निवेदन पेश गर्नुपर्नेछ ।
- निवेदन दिएको ७ दिन भित्रमा स्थलगत अनुगमन गरी प्राविधिक प्रतिवेदनको आधारमा सूचीकृत फार्म व्यवसायी प्रमाण पत्र प्रदान गरिनेछ ।
- फार्म अनुगमन गर्दा तोकिएको मापदण्ड नभएको खण्डमा प्रमाण-पत्र प्रदान गरिने छैन् ।
- स्थलगत अनुगमन गर्न जाँदा आतेजाते बापत रु.५००/-(अक्षरेपी : पाँच सय) र खाजा बापत प्रति व्यक्ति रु. ५००/- (अक्षरेपी : पाँच सय) गरी जम्मा रु. १०००/- (अक्षरेपी : एक हजार) रकम पाउनेछ ।
- व्यवसायिले प्रत्येक वर्ष नविकरण गर्नुपर्नेछ ।
- व्यवसायिहरुले पशुपंक्षी विकास शाखामा चौमासिक रुपमा प्रगति विवरण पेश गर्नुपर्नेछ ।

## १३. नश्ल सुधार कार्यक्रम

माछा, मासु, दूध, अण्डाको उत्पादकत्व बृद्धि गर्न पशुपंक्षीको नश्ल सुधार गर्न अपरिहार्य भएकोले यो कार्यक्रम सञ्चालन गरिएको छ ।

(क) गाई/भैंसी/बाखा/बंगुरकोउन्नत नश्लको (साँढे/राँगा/बिर/बोका) बीऊ कृषक/समुह/सहकारीहरुलाई उपलब्ध गराउने ।

(ख) सबै वडामा कृत्रिम गर्भाधानलाई विस्तार गर्ने ।

(ग) कृत्रिम गर्भाधानको लागि आवश्यक सिमेन, नाइट्रोजन, अन्य सामाग्री तथा उपकरणहरु खरिद गर्ने ।

(घ) गाईपालन व्यवसायलाई प्रोत्साहन गर्न बाछी जन्मने Sex Semen खरिद गरी कृषकहरुलाई ५० प्रतिशत वा निशुल्क उपलब्ध गराउने ।

(ङ) कृत्रिम गर्भाधानलाई सुलभ र घरदैलोमा नै पुऱ्याएर सहज सेवा प्रदान गर्न प्रति गाई/भैंसी/बाखाको लागि कृषकहरुले रु.३००/-(अक्षरेपी तीन सय) र नगरपालिका पशु,पंक्षी तथा मत्स्य विकास शाखा वा वडा कार्यालयबाट रु.२५०(दुई सय पचांस) देखि ५००/- (अक्षरेपी पाँच सय) सम्म र बँगुरको लागि कृषकले रु.१५००/(पन्ध्र सय) र नगरपालिकाले रु.१०००/- प्राविधिक खर्च व्यहोर्ने ।

(च) बाँझोपन निवारण शिविर तथा प्रशिक्षण कार्यक्रमसञ्चालन गर्ने ।

(छ)बाँझोपन निवारण शिविर सञ्चालन गर्दा निःशुल्क औषधीहरु उपलब्ध गराउने

(ज)बाँझोपन निवारण शिविर सञ्चालन गर्दा विज्ञहरु उपलब्ध गराउनु पर्नेछ । शिविरमा सञ्चालन गर्दा विज्ञहरुलाई प्रति पशु रु. २०००/- (अक्षेरेपीः दुई हजार) र शिविर सञ्चालन गरुञ्जेल यातायात र खाना बस्नको लागि सेवा उपलब्ध गर्नुपर्नेछ ।

(झ) सेक्स सिमेन पाउनको लागि कृषकहरुले निम्न मापदण्ड पुरा गरेको हुनुपर्नेछ :-

(१) १० लिटर भन्दा वढि दुध उत्पादन दिने हुनुपर्नेछ ।

(२) एक बेत ब्याएको हुनुपर्नेछ ।

(३) जुका नाम्लेको औषधी खुवाएको हुनुपर्नेछ ।

(४) मिनरल मिक्सचर खुवाउनु पर्नेछ ।

**१४. महामारी रोग नियन्त्रण**

पशुपन्छी तथा मत्स्यमा विभिन्न महामारी रोगहरु फैलिइ पशुपन्छी तथा मत्स्यको ठुलो धनको क्षति हुनुको साथै मानव स्वास्थ्यमा समेत असर पुऱ्याउने भएकोले महामारी रोग

नियन्त्रण गर्न स्थानीय सरकारको दायित्व र जिम्मेवारी भएकोले यो कार्यक्रम सञ्चालन गर्न वाञ्छनिय छ :-

(क) रोग नियन्त्रण गर्न आवश्यक खोप,औषधी,औजार,उपकरण,लोजिस्टिक सामाग्रीहरु र थप अन्य जनशक्तिको समेत व्यवस्थापन गर्न सकिनेछ ।

(ख) मास भ्याक्सिनेसन कार्यक्रम सञ्चालन गर्ने ।

(ग) खोप सञ्चालनको लागि सरकारी कर्मचारी वा निजी पाराभेटेरिनरी भ्याक्सिनेटर नियुक्ती गर्नुपर्नेछ ।

(घ) रोगको खोजी गर्न नियमित सर्भिलेन्स गर्नुपर्नेछ ।

(ङ) भ्याक्सिनेटरले खोप लगाए बापत प्रति पशु ठूलोको रु.३०/- (तीस),साना पशुको रु. १०/-(दश) र प्रति पंक्षी रु.२/-(दुई) रुपैँया पाउनेछ ।

(च) नमूना संकलन,परीक्षण गर्नुपर्नेछ ।

(छ) नमूना परीक्षणको लागि प्रदेश तथा संघिय प्रयोगशालामा पठाई परीक्षण गर्न सकिनेछ ।

(ज) नमुना संकलन तथा परीक्षण गर्दा प्रदेश,संघमा पठाउँदा लाग्ने खर्च र दैनिक भ्रमण खर्च पाउनेछ ।

(झ) खोप कार्यक्रम सञ्चालनमा खटिने कर्मचारी तथा भ्याक्सिनेटरहरुलाई कार्यालय समय बाहेक यातायात बापत रु.२००/- (अक्षरेपी : दुई सय) र खाना खाजा वापत रु.५००/- (पाँच सय) पाउनेछ ।

(ञ) खोपलाई प्रभावकारी बनाउन पालिका कार्यालय,आर्थिक विकास समितिबाट अनुगमन गर्ने ।

(ट) सबै क्षेत्रमा सूचनाको पहुँच पुऱ्याउन आम सञ्चार क्षेत्रलाई प्रयोग गर्ने ।

(ठ) सबै संघ-संस्था,शाखा र सरोकारवालाहरुसँग समन्वय सहकार्य गर्ने ।

(ड) अनुगमनमा खटिने प्रतिनिधि तथा सञ्चारकर्मीहरुलाई यातायात,खाना-खाजा र भत्ता आर्थिक ऐन अनुसार दिन सकिनेछ ।

(ढ) भ्याक्सिन तथा अन्य सामाग्रीहरु ढुवानीको व्यवस्थापन प्रचार-प्रसार गर्दा लाग्ने खर्चहरु उपलब्ध गराइनेछ ।

(ढ) भ्याक्सिनेसन बारे तालिम,गोष्ठी र समिक्षा गर्न सकिनेछ ।

(ण) सर्भिलेन्समा खटिने कर्मचारीले विभिन्न फर्म,गोठमा गई सर्भिलेन्स गरी प्रतिवेदन पेश गरे बापत प्रति सर्भिलेन्स रु.२,०००/- (अक्षेरेपीः दुई हजार) पाउनेछ ।

## १५.दुध परीक्षण

आम दुध उपभोक्ताको स्वास्थ्य र पशु स्वास्थ्यमा हुनसक्ने क्षतिको न्यूनिकरण गर्न नियमित दुध तथा थुनेलो परीक्षण गर्न अपरिहार्य रहेको छ :-

(क) किसानको गोठ,दुध संकलन केन्द्र र डेरी उद्योगमा गइ नियमित दुध तथा थुनेलो परीक्षण गर्ने ।

(ख) दुध तथा थुनेलो परीक्षणबाट प्राप्त रिर्पोट सम्बन्धित निकायहरुलाई उपलब्ध गराउने ।

(ग) टिट डिपिङ्ग कार्यक्रम सञ्चालन गर्ने ।

(घ)आवश्यक केमिकल,रि-एजेन्ट,लोजिष्टिक सामाग्री तथा औषधीहरु खरीद गरी किसानहरुलाई निःशुल्क वा लागत साझेदारीमा उपलब्ध गराउने ।

(ङ) प्रयोगशालामा परीक्षण गर्ने ।

(च) स्थानीय स्तरमा परीक्षण हुन नसक्ने परीक्षणको लागि प्रदेश,संघ वा अन्य देशहरुमा नमूना सम्प्रेषण गर्ने ।

(छ) रोग फैलन नदिनको लागि औषधी उपचार तथा रोकथामको उपाय अबलम्बन गर्ने ।

(ज) स्थलगत दूध तथा थुनेलो रोगको परीक्षण गर्न जादा प्रतिदिन रु.१,५००/- (अक्षेरेपी एक हजार पाँच सय) पारिश्रमिक पाउनेछ ।

(झ) कार्यालय समय बाहेक काम गर्नुपर्ने भएमा उक्त कर्मचारीले खाना,खाजा र यातायात वा (इन्धन) बापत रु.२००/- (अक्षेरेपी : दुई सय) पाउनेछ ।

(ज) थुनेलो रोग नियन्त्रणको लागि आवश्यक औषधी तथा सामाग्रीहरु कृषकहरुलाई निःशुल्क वितरण गर्न सकिनेछ ।

## १६.पशुपन्छी तथा मत्स्य स्वास्थ्य घुम्ति शिविर सञ्चालन

पशुपन्छी तथा मत्स्य सम्बन्धि विभिन्न रोगहरु देखा परिरहेको हुन्छ ।सो रोगहरुको उपचार,रोकथाम गर्नको लागि कार्यालयबाट मात्रै सबै क्षेत्रमा सेवा प्रवाह नियमित रुपमा पुऱ्याउन नसकिन्ने भएकोले दुर्गम क्षेत्रहरुमा पनि पशु स्वस्थ्य घुम्ति शिविरहरु सञ्चालन

गरी उक्त क्षेत्रको किसानहरुलाई सेवा प्रदान गर्न सकिन्छ सो सेवा प्रदान गर्न निम्न क्रियाकलाप गर्ने ।

(क) परजिवी नियन्त्रण कार्यक्रम (जुका,नाम्ले,जुम्रा,किर्ना औषधी वितरण गर्ने) ।

(ख) राँगा,गोरु, बोका,बंगुरको र सामुदायिक कुकुरहरुको बन्ध्याकरण

(ग) बाझोपन शिविर कार्यक्रम

(घ) पशुस्वास्थ्य सम्बन्धि विभिन्न रोगहरु उपचार

(ङ) थुनेलो रोग पहिचानको लागि दुध परीक्षण

(च) शिविरलाई आवश्यक पर्ने औषधी तथा औजार उपकरण र सामाग्रीहरु गरिद गर्ने

(छ) व्यापक प्रचार-प्रसार गर्ने

(ज) गोबर पिसाब परीक्षण गर्ने

(झ) शिविरको लागि आवश्यक स्टलको व्यवस्थापन गर्ने

(ञ) शिविर सञ्चालनमा स्टल निर्माण गर्दा लाग्ने खर्च उपलब्ध गराउने

(ट) शिविरमा खटिएको जनशक्तिले शिविर सञ्चालनको अवधिभर यातायात,खाना-खाजा र पारिश्रमीक भत्ता पाउनेछ

(ट) शिविरको प्रचार-प्रसार गर्दा लाग्ने खर्च उपलब्ध गराउने ।

**१७. माछा विकास कार्यक्रम**

मानव स्वास्थ्यको लागि अत्यन्तै पोषिलो प्रोटिनको स्रोत हो । अर्जुनधारा नगरपालिकामा माछापालन पनि दिनानु दिन बढ्दै गइरहेको अवस्था छ । जसले गर्दा अर्जुनधारालाई माछामा आत्मनिर्भर बनाई अन्य पालिकाहरुमा निर्यात गरी आर्थिक अवस्था पनि वलियो बनाउने प्रचुर मात्रामा सम्भावना भएकोले माछापालन कार्यक्रम सञ्चालन गर्न अपरिहार्य रहेको छ ।

माछापालन व्यवसायलाई विकास र प्रवर्द्धन गर्न तपशिल वमोजिमको कार्यहरु गर्न सकिनेछ ।

(क) नयाँ पोखरी निर्माण तथा सुधार गर्ने ।

(ख) माछाको भुर्रा ५० प्रतिशतमा वितरण गर्ने ।

(ग) माछाको मिनि ह्याचरी स्थापना तथा सञ्चालन गर्ने ।

(घ) माछाको भुर्राको नर्सरी स्थापना र सञ्चालन गर्न बढिमा ८० प्रतिशत अनुदान दिन सकिनेछ ।

(ङ) माछा सम्बन्धि औजार उपकरण खरिद गरी उपलब्ध गराउने ।

(च) माछापालन सम्बन्धि तालिम,गोष्ठी, अध्ययन अवलोकन भ्रमण गराउने ।

(छ) माछाको विज्ञहरुको परामर्श लिने वा विशेष कार्यवक्रम सञ्चालन गर्नको लागि विज्ञलाई करारमा नियुक्ती गर्न सकिनेछ ।

(ज) माछाको दाना उद्योग स्थापना गर्ने ।

(झ) माछा स्वस्थ्य शिविर सञ्चालन गर्ने ।

(ञ) माछा पालनको पूर्वधार निर्माण,औजार उपकरणहरुमा वढिमा ७५ प्रतिशत अनुदान दिन सकिन्नेछ ।

(ट) ह्याचरी र दाना उद्योगको लागि ८० प्रतिशत अनुदान दिन सकिन्नेछ ।

(ठ) माछा तथा पोखरीको नियमित जाँच गर्ने ।

(ड) माछा तथा पोखरीको उपचारको लागि कृषि चून तथा औषधीहरु ५० प्रतिशतमा उपलब्ध गराउने ।

(ढ) माछा उपचार र प्रयोगशालाको स्थापना र सञ्चालन गर्ने ।

(ण) माछा फर्म स्थलगत अनुगमन,पोखरीको पानी परीक्षण तथा माछाको स्वास्थ्य परीक्षण र शिविर कार्यक्रम सञ्चालन गर्न जाँदा यातायात खर्च रु.२००/- (दुई सय) र पारिश्रमिक बापत रु.१५००/-(एक हजार पाँच सय) र कार्यालय समय भन्दा अन्य समयमा काम गर्नु पर्ने भएमा खाना खाजा भत्ता समेत पाउनेछ ।

## १८. गोठ निर्माण तथा सुधार कार्यक्रम

पशुपन्छीको उत्पादकतत्व वृद्धि गर्न र पशु वस्तुको स्वास्थ्य राम्रो कायम राख्न राम्रा गोठको पनि त्यत्तिकै जरुरत हुन्छ । त्यसैले पशुपन्छी पालक किसान व्यावसायिहरुको गोठ निर्माण तथा सुधार गर्नु जरुरी छ ।

(क) व्यवसायि कृषकहरुलाई लागत साझेदारीमा गोठ निर्माण तथा सुधार गर्न बढिमा ८० प्रतिशतसम्म अनुदान उपलब्ध गराउन सकिनेछ ।

(ख) विपन्न कृषकहरुलाई वडा कार्यालयको पहिचान र सिफारिसको आधारमा निःशुल्कगोठ निर्माण गर्न सकिनेछ ।

(ग) पशुपन्छी तथा इन्जिनियर, प्राविधिकले दिएको नक्सा र लागत स्टीमेट बमोजिम गोठ खोर निर्माण गर्नु पर्नेछ ।

(घ) दिर्घकालिन रुपमा पशुपन्छी पालन गर्ने व्यवसायि तथा विपन्न कृषकहरुलाई मात्र उपलब्ध गराउने ।

(ङ) गोठको नक्सा तथा लागत स्टीमेट वनाउने प्राविधकहरुलाई यातायत र पारिश्रमिक बापत साधारण सानो गोठको रु.५००/- (अक्षरेपी : पाँच सय) र ठूलो व्यावसायिक गोठको लागि रु.५,०००/- (पाँच हजार) पारिश्रमिक बापत पाउनेछ ।

(च) अनुगमन गर्ने प्रतिनिधि तथा प्राविधिकहरुलाई यातायात,खाजा, खाना र पारिश्रमिक भत्ता दिन सकिनेछ ।

## १९. पढदै कमाउदै कार्यक्रम

स्कूल कलेजमा पढने विद्यार्थीहरुमा श्रम गर्नुपर्छ र हाम्रो जिवनयापनको मुख्या आधार कृषि तथा पशुपालन हो भन्ने विषयमा दिनानुदिन बिर्सदै गएको अवस्था छ । यसले भावी पुस्तामा ठूलो बेरोजगारको सृजना र कृषि पेशाबाट सबै पलायन हुने देखिन्छ जसले गर्दा भविष्यमा आम समुदाय गरीबितर्फ धकेलिन्दै गइरहेको कुरा टड्कारो रुपमा देखिरहेको छ भने आफ्ना सन्तानको सम्पूर्ण खर्च अभिभावकहरुले व्यहोर्नु परिरहेको छ जसका कारण आम सन्तानहरु परनिर्भर हुनुको साथै श्रम गर्ने संस्कार विलिन हुदै गइरहेको हुँदा सबै विद्यार्थीहरुलाई स्वरोजगारको सृजना गर्दै आत्मनिर्भर बनाउन यो कार्यक्रमले सहयोग प्रदान गर्नेछ ।

यो कार्यक्रमनिम्न अनुसार सञ्चालन गर्न सकिनेछ :-

(क) सबैभन्दा छिटो उत्पादन तथा आम्दानी दिनसक्ने पेशा व्यावसाय पेशाको छनौट गर्ने ।

(ख) स्कूल कलेजमा अध्यानरत विद्यार्थीहरुको छनौट गर्ने ।

(ग) विद्याथीहरुको रुचीको व्यवसाय छनौट गर्ने ।

(घ) छनौट भएका विद्यार्थीहरुलाई सम्बन्धित विषयको तालिम दिने र अध्ययन अवलोकन भ्रमण गराउने ।

(ङ) व्यवसायको छनौट गर्दा सहजरुपमा बजारको व्यवस्था भएको छनौट गर्ने ।

(च) आवश्यक पूर्वाधार भएकोलाई प्राथामिकता दिने ।

(छ) तत्काल उत्पादन हुने दुहुना गाई भैंसी, बोइलर-लोकल कुखुरा,बंगुर पालन गर्न सकिनेछ

(ज) गोठ निर्माण,जुका नाम्ले,जुम्रा, किर्ना तथा अन्य मिनरल भिटामिनहरु निःशुल्क उपलब्ध गराउने ।

(झ) दुहुना गाई,भैसी,बंगुर तथा कुखुराहरु खरिद गर्न आवश्यक रकम १०० प्रतिशत उपलब्ध गराउने ।

(ञ) विद्यार्थीको छनौट गर्दा प्राविधिक दृष्टिकोणले उपयुक्त हुनुपर्नेछ ।

(ट) विद्यार्थीमा व्यवसाय गर्ने तत्परता र उत्सुक्ता हुनुपर्नेछ ।

**२०.अनुगमन र मूल्याङ्कन**

(क) आवश्कयता अनुसार सम्बन्धित सरोकारवालाहरुबाट र भुक्तानी प्रयोजनका लागि सम्बन्धित विज्ञ र प्राविधिक टोलिहरुबाट कार्यक्रमको अनुगमन, मूल्याङ्कन गर्न सकिनेछ

(ख) कार्यक्रमको प्रगतिको अवस्था र कार्यविधि बमोजिमका शर्तहरु पालन गरे/नगरेको सम्बन्धमा सम्बन्धित शाखाले नियमित अनुगमन गर्नेछ ।

(ग) अनुगमन टोलीले कार्यक्रम सम्बन्धमा आवश्यकता अनुसार निर्देशन दिन सक्नेछ र यसरी दिएको निर्देशन सम्बन्धित समूह/सहकारी, संघसंस्थाको कर्तव्य हुनेछ ।

**२०. कारबाही**

यो कार्यविधि बमोजिम अनुदान रकम, जिन्सिको दुरुपयोग भएको पाइएमा प्रचलित कानुन बमोजिम कार्वाही गरी असुल उपर गरिनेछ ।

**२१.आर्थिक प्रशासन सेवा**

कार्यक्रमको लेखा, लेखाङ्कन र लेखापरिक्षण प्रदेश आर्थिक कार्यविधि ऐन-२०७४, प्रदेश आर्थिक कार्यविधि नियमावली-२०७५, सार्वजनिक खर्चको मापदण्ड कार्यविधि, मितव्ययीता सम्बन्धी निर्देशिका-२०७५, सार्वजनिक खरिद ऐन-२०६३ तथा सार्वजनिक खरिद कार्यविधि-२०६४ तथा प्रादेशिक संघ र स्थानीय सरकारका प्रचलित कानुन बमोजिम हुनेछ ।

**२२. प्रचलित कानुन**

कार्यक्रम कार्यान्वयन सम्बन्धमा यस कार्यविधिमा उल्लेख नभएको कुराहरुको हकमा प्रचलित कानुन बमोजिम हुनेछ ।

**२३. बाधा, अड्काउ फुकाउने**

यो कार्यविधि बमोजिम कार्य सम्पादन गर्न कुनै बाधा, अडकाऊ परेमा नगर बोर्डले निर्णय गरी त्यस्ता बाधा, अड्चन फुकाउन सक्नेछ ।

**२४. खारेजी एवम् संशोधन**

नगर सरकारले आवश्यकता अनुसार यो कार्यविधि खारेजी वा संशोधन गर्न सक्नेछ ।